नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रेस विज्ञप्ति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री अनिता देवीज्यूको अध्यक्षतामा यस मन्त्रालय र अन्तर्गत आ.व.२०८०/०८१ मा सञ्चालित कार्यक्रम तथा आयोजनाको प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक मिति २०८०/०८/०७ गते बिहिबार सम्पन्न भयो । उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. अनिता शाह ढुंगाना, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव बिनोद प्रकाश सिंह, मन्त्रालयका सह-सचिवहरु तथा विभागका महानिर्देशकहरु, राष्ट्रिय योजना आयोगका प्रतिनिधि तथा कार्यक्रम/आयोजनाका प्रमुख, समिति, आयोग र प्रतिष्ठानका कार्यकारी निर्देशक साथै अन्य कर्मचारी समेतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय श्री अनिता देवीज्यूले आ.ब.०८०/०८१ को प्रथम त्रैमासिक अबधिको समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेता पनि थप उत्साहप्रद बनाउनका लागि बजेट, नीति तथा कार्यक्रम र लक्ष्यभित्र रहेर नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो । ७५३ स्थानीय तहको समन्वय र सम्पर्क गर्ने वृहत भूमिका रहेको यस मन्त्रालयले स्थानीय तहको सेवा प्रवाह, योजना तथा अनुगमन प्रणाली, तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउन समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो | आगामी दिनमा आईपर्ने चुनौति तथा समस्या नदोहोरिने गरी आ.ब.०८०/८१ को बाँकी अबधिको बजेट तथा कार्यक्रम सत प्रतिशत प्रगति हासील गर्ने गरी कार्यान्वयनमा ध्यान दिन मन्त्रालय तथा मातहतका सबै निकायलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. अनिता शाह ढुङ्गानाले मन्त्रालयको समग्र प्रगति सन्तोषजनक रहेको बताउदै मन्त्रालयले सुशासन प्रवर्द्धनलाई केन्द्रबिन्दुमा राखेर कार्य गर्नुपर्नेमा विशेष जोड दिनु भयो | साथै दिगो विकास लक्ष्य र आवधिक योजनाका राष्ट्रिय लक्ष्यसँग अन्तर आवद्धता देखिने गरी प्रगतिको समिक्षा गर्नुपर्ने र राष्ट्रिय समस्या समाधान समितिको निर्णय पूर्ण कार्यान्वयनको प्रत्याभूति गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो ।

मन्तब्यकै क्रममा मन्त्रालयका सचिव बिनोद प्रकाश सिंहले छलफलमा उठेका विषय प्रस्ट्याउदै मन्त्रालयबाट भएका महत्त्वपूर्ण कार्यहरुको बारेमा संक्षेपमा प्रष्ट पार्नु भएको थियो । वहाँले कर्मचारी तथा स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासमा मन्त्रालय क्रियाशील रहेको र सोसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइएको समेत जानकारी गराउनु भयो । वहाँले अन्तर मन्त्रालय समन्वय प्रभावकारी बनाउदै कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधि समयमै निर्माण गरी त्रैमासिक तथा वार्षिक लक्ष्य अपेक्षाकृत रुपमा प्राप्त गर्ने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने वताउनु भयो ।

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री कमलप्रसाद भट्टराईले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय, कार्यक्रम तथा आयोजनाको प्रथम त्रैमासिक अवधिको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०८०/०८१ को प्रथम त्रैमासिकको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकाय/कार्यक्रमहरुको लागि कायम बजेट रु ६३ करोड ३३ लाख रहेकोमा जम्मा खर्च रु ४४ करोड ३३ लाख (६९.९९ प्रतिशत) खर्च भएको प्रगति विवरण र यस अवधिमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको विवरण समेत प्रस्तुत गर्नुभएको थियो | साथै कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्प समेत प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय किताबखाना, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानले आ-आफ्ना प्रथम त्रैमासिक अवधिको प्रगति संक्षेपमा प्रस्तुत गरेका थिए ।

प्रवक्ता
कमल प्रसाद भट्टराई
सहसचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०८०/०८/०७